स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



‘रुकुम मैकोट’ गीतका कारण चर्चामा रहेको फिल्म ‘खुस्मा’ संविधान दिवसको दिन प्रदर्शनमा आउँदैछ। प्रदर्शनको पूर्वसन्ध्यामा मंगलबार कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर राखिएको थियो। मगर समुदायको नृत्य र बाजागाजाले रोमाञ्चक बनेको प्रिमियरमा फिल्मका शीर्ष अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी मगर पहिरनमा उपस्थित थिए। द्वन्द्वकालीन समयको प्रेमकथामा आधारित रहेको फिल्मले प्रिमियरमा राम्रो तारिफ पाएको छ।

**आजको विचार...**



संविधानको... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



अभिनेत्री नीति शाह ‘अज्ञात’ मा पनि देखिने भएकी छन्। समोस सुनुवारको निर्देशनमा बन्न लागेको फिल्ममा अभिनेताद्वय सौगात मल्ल र अनुपविक्रम शाही मुख्य कलाकारको रुपमा छन्। कर्म भुटियाको निर्माण रहने फिल्ममा प्रदीप भारद्वाजको स्क्रिप्ट लेखन छ। यो फिल्मलाई हरि हुमागाईंले छायाँन गर्नेछन्। आगामी माघपछि छायाँन सुरु गर्न लागिएको फिल्मलाई २०८२ सालको फूलपातीमा प्रदर्शन गर्ने बताइन्छ। नेपाल र सिक्किममा छायाँन गारिने फिल्म एक्सन प्रधान हुनेछ। नीति ‘खजुरे ब्रो’ बाट अभिनयमा भित्रिएकी हुन्।

❐ वर्ष ३० ❐ अंक ६५ ❐ २०८१ असोज ३ गते बिहीबार 19 September 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ‘पेजर’ विस्फोट हुँदा नौ को मृत्यु

**(रासस/एएफपी)**


**बेरूत,** असोज २/लेबनानमा इरान समर्थित लडाकु समूह हेजबुल्लाहका सदस्यहरूले एकआपससँग सञ्चार गर्न प्रयोग गर्ने हाते पेजरहरू विस्फोट हुँदा एक बालकसहित कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै २ हजार ८०० जना घाइते भएका छन् । उक्त विस्फोटबाट क्षती बेहोरेको आतङ्कवादी समूहले इजरायललाई आक्रमणको दोषी ठहराएको छ ।

इजरायली आक्रमणमा प्रमुख कमाण्डर गुमाएपछि हेजबुल्लाहले आफ्नो सञ्चार सुरक्षाको बारेमा पहिले नै चिन्ता व्यक्त गरेको थियो । मङ्गलबार दिउँसो तीन बजे हेजबुल्लाह सदस्यहरूले बोकेका सयौं पेजिङ सञ्चार उपकरणहरू लेबनानमा विस्फोट हुन थालेका थिए । हेजबुल्लाहले घटनालगतै इजरायलाई दोष लगाएता पनि इजरायलले भने आक्रमणको बारेमा अहिलेसम्म कुनै टिप्पणी जारी गरेको छैन । लेबनानका केही अस्पतालहरूमा हताहतको सङ्ख्या बढेको स्रोतले जनाएको छ । इजरायलले लेबनानसँगको उत्तरी मोर्चालाई सुरक्षित गर्न प्यालेस्टिनी उग्रवादी समूह हमाससँगको युद्धमा आफ्नो लक्ष्य विस्तार गरिरहेको मङ्लबार घोषणा गरेको थियो । अक्टोबरको आक्रमणपछि इजरायलले प्यालेस्टिनी उग्रवादीले लिएका बन्धकलाई घर ल्याउने र हमासलाई दमन गर्ने वाचा गरेको थियो ।

# ‘संविधान दिवस’ को ९ वर्ष : कतै आशा, कतै निराशा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २/आज असोज ३ गते नेपालको संविधान जारी भएको नौ वर्ष पूरा हुँदै छ । दिवसको अवसरमा प्रदेशदेखि केन्द्रसम्म बुधबार,विहीबार र शुक्रबार ३ दिनसम्म विभिन्न कार्यक्रम भइरहेका छन् । आजैको दिन अर्थात् ३ असोज ०७२ मा दोस्रो संविधानसभाका ९० प्रतिशत बढी जनप्रतिनिधिको समर्थनमा ‘नेपालको संविधान’ घोषणा भएको थियो । यसैको खुसीयालीमा तीन दिन देशभर संविधान दिवस मनाइँदै छ । संविधान जारी भएको दिनको खुसीयाली एकातिर छ भने अर्कोतर्फ संविधानको मर्म मिच्दै मुलुक अगाडि बढेको पीडा पनि छ । संविधान निर्माणका यी नौं वर्ष कतै आशा, कतै निराशाका वर्ष रहे ।




संविधान आएको यतिका वर्ष भइसक्दासम्म जनताले स्थानीय सरकारबाट प्रभावकारी सेवा पाउन सकेका छैनन् । संविधानको धारा ५६ (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख छ । तर, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनिसकेका छैनन् । प्रदेशले सरकार सञ्चालनका लागि आवश्यक पर्ने प्रहरी, प्रशासन र कर्मचारी परिचालनको अधिकार अझैसम्म पाउन सकेका छैनन् । संघीय निजामती कर्मचारीसम्बन्धी ऐन नआउँदा प्रदेश कानुनहरू बन्न सकेका छैनन् । जसको परिणाम प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमै चुनौती छ । प्रदेश लोकसेवा आयोग गठन भए पनि तिनले प्रभावकारी ढंगले काम गर्न पाएका छैनन् । प्रदेश प्रहरी गठन र समायोजनसम्बन्धी कानुन आए पनि कार्यान्वयनमा अलमल छ । संविधानले अधिकार दिए पनि संघीय कानुन, कर्मचारी, प्रहरी जनशक्तिलगायत अभावले प्रदेशले राम्रो सेवा प्रवाह गर्न सकेका छैनन् । तिनै समस्याहरूबाट स्थानीय तह पनि जुधिरहेका छन् । यद्यपी केन्द्रीय स्तरमा राजनीतिक दल र संघीय सरकारले संविधानको मर्म मिच्दै अगाडि बढे पनि स्थानीय तहका सरकारहरुले भने संविधानलाई टेकेर केही आशा लाग्दा कामहरु पनि गरेका छन् । स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकार भनिन्छ । कोरोना महामारीका विरुद्ध लड्न सबभन्दा प्रभावकारी काम गरेका स्थानीय सरकार नै हुन् । क्वारेन्टाइन व्यवस्थापन होस् या संक्रमितको उपचार गर्ने आइसोलेसन सेन्टरको सञ्चालन, संक्रमण फैलिन नदिने उपाय लागू गर्न होस् या बिचल्लीमा परेका गरीबलाई काम र राहत दिएर जीविका चलाउन, यो संकटमा भरथेग गरेको स्थानीय सरकारले नै हो ।

स्थानीय तहलाई यसरी आफ्नो भौगोलिक क्षेत्रभित्र स्वायत्त रूपमा काम गर्न सक्ने बनाएको २०७२ सालमा जारी भएको नेपालको संविधानले नै हो । संविधानको त्यही व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहहरूले पहल गरिरहेका छन् । यसले कतै न कतै आमनागरिकलाई आशा भने जगाएको छ । जनचाहना अनुरुपको संविधान र त्यसमा आधारित निर्वाचन भएर मुलुकमा बहुमतको सरकार बने पनि पाँच वर्ष टिक्न सकेन । जसबाट आम जनता भने निरास छन् । सत्तामा पुग्ने जुनसुकै राजनीतिक दलहरुले आफ्नो अनुकूलको संविधान संशोधन गर्ने र कार्यान्वय गर्ने गरेका छन् । उनीहरुले जनअभिमतको खिल्ली उडाउँदै संसद् विघटनदेखि दल विभाजन विधेयक पारित गर्ने सम्मका काम गर्दै आएका छन् । जसले गर्दा संविधानको समेत उपहास भएको छ ।

संविधानको मर्म मिचेर मनाइएको संविधान दिवसले खासै अर्थ नराख्ने संविधानविद्हरु बताउँछन् । संविधान सफल नहुनुमा राजनीतिक दल र उनीहरुको ईच्छाशक्ति बाधक बन्दै गएको तानसेन बहुमुखी क्याम्पसमा अध्यापन गराउँदै आएका गम्भीर रायमाझी बताउँछन् । राजनीतिक दलहरुले संविधानको मर्म विपरीत कार्य गर्दै गएकाले जनतामा निरास छाएको उनको भनाई छ । रायमाझी भन्छन् ‘संविधानले जनताको आवश्यकता र अधिकारहरुलाई सुनिश्चित गर्नुपर्छ ।’

# ‘संविधानले दिएको अधिकारमाथि संघीय सरकारले हस्तक्षेप गर्न हुँदै’



**देउखुरी,** असोज २/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानले दिएको अधिकारमाथि संघीय सरकारले हस्तक्षेप गर्न नहुने बताएका छन् । संविधान दिवसको पूर्वसन्ध्यामा बुधबार लुम्बिनी प्रदेशमा आयोजना गरिएको ‘संघीयता सवलीकरण’ सम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले संविधानले प्रदेश र स्थानीय तहलाई दिएको अधिकारमाथि संघीय सरकारले कुनै पनि बहानामा हस्तक्षेप गर्न नहुने बताएका हुन् । ‘संविधानले स्पष्ट रूपमा प्रदान गरेका अधिकारमाथि कसैले कुनै पनि बहानामा हस्तक्षेप गर्न हुँदैन,’ उनले भने, ‘संविधानले दिएको कुनै पनि अधिकार संघले रोक्न पाउँदैन, प्रदेशको बजेट रोकेर ऋणात्मक बनाउनु संविधान विपरीत हो ।’ त्यसमा संघीय सरकारका सांसदहरू नै अनुदार बनेको उनले आरोप लगाए ।


प्रदेश सरकारले संविधानमा उल्लेखित अधिकार अनुसार समानीकरण अनुदान प्राप्त गर्न नसक्दा आर्थिक क्षेत्रमा धेरै जटिलता देखिएको पनि मुख्यमन्त्री आचार्यले बताए ।

# रामपुरका वडा वडाबाट बैंकिङ्ग सेवा दिइने

## नगरपालिका र बैंकहरुबिच सहमति

**पाल्पा,** असोज २/जिल्लाको रामपुर नगरपालिका भित्रका वडा वडाबाट बैंकिङ्ग सेवा दिइने भएको छ । वडाका नागरिकहरुको सेवालाई मध्यनजर गर्दै नगरपालिकाले उक्त सेवा दिन लागेको हो ।

बैंकिङ्ग सेवाका लागि नगरपालिकाले बैंकहरुसँग सहमति गरेको छ । नगर भित्र सञ्चालित बैकहरुसँग नगरपालिकाले छलफल गरी सेवा प्रदान गर्न सहमति गरेको हो । सामाजिक सुरक्षा भत्ता लिने नगरवासी लाभग्राहीहरुको सुविधा र योजनाका उपभोक्ता समितिको बैंक खाता सञ्चालन गर्ने सहमति भएको बताइएको छ । छलफलले रामपुर नगरपालिकामा यो आर्थिक वर्षमा सञ्चालन हुने योजनाको बैंक खाता खोल्नका लागि हरेक वडामा गएर बैंकिङ सुविधा दिने निर्णय गरेको छ ।



नगरपालिका भित्र रहेका ९ वटा बैंक तथा विकास बैंकहरुले नगरवासीको सुविधाका लागि सबै वडामा गएर योजना उपभोक्ता समितिलाई खाता खोल्ने सेवा दिने भएका छन् । यससँगै नगरपालिकाका सबै वडा कार्यालयमार्फत योजना उपभोक्ता समितिको बैंक खाता खोल्ने भएको छ । साथै आगामी दिनमा रामपुर नगरपालिकासँगको समन्वयमा घुम्ति सेवामार्फत नगरवासीहरुलाई सामाजिक सुरक्षा भत्ता वडा तथा टोलबाटै वितरण गर्ने भएको छ । रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले बैंकले दिने सेवालाई जनमुखी बनाई बैंक र नगरपालिकाबिच समन्वय गर्न आवश्यक रहेको बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## संविधान दिवसको सन्दर्भ

आज संविधान दिवस । मुलुकले जनप्रतिनिधिबाट लिखित संविधान पाएको ९ वर्ष पूरा भएको छ । इतिहासमै पहिलो पटक जनप्रतिनिधिबाट सम्मिलित संविधान निर्माण भएको दिन हो । असोज ३ गतेलाई सरकारले संविधान दिवसको रुपमा समेत घोषणा गरेको छ । यो राष्ट्रिय उत्सवको दिन पनि हो ।

३ असोज ०७२ मा दोस्रो संविधानसभाका ९० प्रतिशत बढी जनप्रतिनिधिको समर्थनमा 'नेपालको संविधान' घोषणा भएको थियो । यसैको खुसीयालीमा आज देशभर संविधान दिवस मनाइँदै छ । संविधान जारी भएको दिनको खुसीयाली एकातिर छ भने अर्कोतर्फ संविधानको मर्म मिच्दै मुलुक अगाडि बढेको पीडा पनि छ । संविधानको भावनाको चीरहरण गरेर संविधान दिवस मनाउनु हाम्रो परम्परा नै बनेको छ । संविधानमा बहुमत प्राप्त राजनीतिक दलले सरकार चलाउने उल्लेख गरिए छ तर हामीकहाँ बहुमत प्राप्त दल नै यति कमजोर भइदियो कि, उसले सरकार सञ्चालन गर्नै सकेन । जनमतको भावना विपरीत गठबन्धनको सरकार बन्नु संविधानको मर्म थिएन । बहुमत प्राप्त दल एक अवधि नटिक्नु र नटिकाउनुका पछाडीका सत्ताको खेल नै प्रमुख कारक हो । यो संविधानको मर्म विपरीतको अवस्था हो । सदन भंग गरेर होस् वा चलिरहेको सदन अन्त्य गरेर होस् । दुवै प्रकारले ल्याइएका अध्यादेश संवैधानिक मर्मविपरीतका अभ्यासहरू हुन् । लोकतन्त्रमा संविधानको निकै ठूलो महत्व हुन्छ । जनतामा निहित अधिकार संविधान मार्फत सरकार र राज्यका निकायहरूले पाउने हो । राज्यबाट सुविधा र सुरक्षा भोग्ने राष्ट्रपति होउन् वा प्रधानमन्त्रीदेखि खाली खुट्टा सडकमा हिँड्ने अभावग्रस्त सामान्य नागरिक नै किन नहोऊन्, संविधान सबैका लागि समान हैसियत र अधिकारको स्रोत हो । तर विडम्बना नै भन्नुपर्छ, हामीकहाँ संसद्मै ठेकेदारहरूको हालिमुहाली छ । अहिले संविधान विपरीतका काम जताततै देख्न सकिन्छ । सत्तामा बस्नेका लागि यो मनपरी गर्न पाउने लाइसेन्स भएको छ भने जनताका लागि नियन्त्रणको हतियार । यो सबैभन्दा डरलाग्दो कुरा हो, संविधानको दुरुपयोग पनि हो । संविधान सबैलाई मान्य हुनुपर्छ । तर यहाँ त्यस्तो हुन सकेको छैन । सत्तामा रहनेले आफु अनुकूल संविधानको प्रयोग गर्ने गरेका छन् । यो विडम्बनाको कुरा हो । संविधान राज्यसत्तामा रहनेका लागि अनुकूल वा प्रतिकूल दस्तावेज बन्नु भनेको त्यो कागजको खोस्टो सरह नै हो । संविधानको संस्थागत विकास भएन भने त्यसले गरेका व्यवस्थाअनुसार जनतालाई अधिकार प्रदान गर्न सकिएन भने संविधानको सार्थकता रहन्न । तसर्थ संविधानको संस्थागत विकास गरी जनतालाई अधिकार सम्पन्न गर्न सकियो भनेमात्र संविधान दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

काँध हालेको सल जस्तै हो सम्बन्ध पनि,
जसलाई बेला बेलामा मिलाइरहनपर्छ ।
(*माया थापा मगरको फेसबुक स्टाटस* https://www.facebook.com/maya.thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संविधानको कार्यान्वयनमा जोड देऊ



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

संविधान देशको मूल कानून हो । यसले राज्य सञ्चालनमा आवश्यक निर्देशन गर्ने गर्दछ । यसले देशका हरेक पक्ष र क्षेत्रका लागि आवश्यक पर्ने ऐन ,नियम ,नियावली,नीति निर्माणको आधार तय गर्दछ भने राज्य सञ्चालन तथा सुशासन स्थापित गर्न पनि यसको उत्तिकै महत्व तथा भूमिका रहेको देखिन्छ । पछिल्लो समय यसैको आधारमा तीन तहका सरकारहरुको अभ्यास तथा सञ्चालन भएको पाईन्छ भने आवश्यक ऐन नियमहरुको निर्माण तथा पुराना ऐन नियममा आवश्यक सुधार पनि यसैको आधारमा तिव्र रुपमा भएको देखिन्छ । यो संविधान कार्यान्वयनको एउटा प्रयासको रुपमा रहेको पाईन्छ । भन्ने गरिन्छ राजनीतिक नेतृत्वलाई आवश्यक र कार्यान्वयन गर्नु पर्ने संविधानमा लेखिएका धाराहरु तिव्र रुपमा कार्यान्वयन भएको छ भने सर्वसाधरणको दैनिकीमा सुधार ल्याउने , जनतालाई संविधान निर्माण पश्चात जनताको संविधान हो भन्ने महशुस गराउने पक्षको कार्यान्वयनमा नीति निमार्ताहरुको ध्यान कम गएको छ । संविधानमा रहेका प्रावधानलाई आत्मसाथ गर्दै यसको कार्यान्वयनमा आवश्यक पहल तथा प्रयास नभएको पनि हैन तर पनि यसमा रहेका प्रावधानलाई वेवास्ता गर्दै स्वेच्छाचारी तरीकाले राज्य सञ्चालन गर्ने प्रयास सरकारहरुले गर्ने गरेको देखिन्छ । सरकार तथा राजनीतिक दलका नेतृत्व वर्गले संविधानमा व्यवस्था गरिएका प्रावधानलाई आफू अनुकूल व्याख्या गर्ने तथा प्रयोग गर्ने प्रयास नगरेका पनि होइनन् । राजनीतिक नेतृत्वको यस्ता क्रियाकलापले जनतामा संविधानको कार्यान्वयनमा र यसको लोकप्रियता तथा विशेषता माथि नै विश्वासमा कमी आउने त होइन आशा भने उत्पन्न भएको छ । संविधान दिवस ,संविधानका विविध पक्षमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

देशको सम्पूर्ण शाशन प्रणाली सञ्चालन गर्नका लागि तयार पारिएको नियमहरुको संग्रह संविधान हो । यसले कुनै देशमा विधिको साशन स्थापित गर्नका लागि महत्वपूर्ण योगदान पुऱ्याउने गर्दछ साथै जनता र साशक वर्ग बिचको सम्बन्ध स्थापित गर्नका लागि पनि सहयोग पुऱ्याउने गर्दछ । संविधान माथि कोहि नरहने गरि यसको निर्माण गरिएको हुन्छ भने यसको संरक्षकको रुपमा राष्ट्र प्रमूख रहने व्यवस्था गरिएको हुन्छ । जनताको प्रतिनिधिको उपस्थितिमा संविधान सभामार्फत संविधान निर्माण गर्ने दशकौदेखिको नेपालीको चाहनालाई पुरा गर्दै नेपालको संवैधानिक विकासक्रमको इतिहासमा सातौ संविधानको रुपमा रहेको नेपालको संविधान २०७२ हाल कार्यान्वयनको अवस्थामा रहेको देखिन्छ भने यस अगाडि नेपाल सरकारको वैधानिक कानून २००४, नेपालको अन्तरिम साशन विधान २००७ ,नेपाल अधिराज्यको संविधान २०१५ ,नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तरिम संविधान २०६३ गरी हालसम्म ७ ओटा संविधान निर्माण र अभ्यासको प्रयास भएको देखिन्छ । यी उल्लेखीत केहि संविधानहरु स्वेच्छाचारी र आदेशका रुपमा तयार पारिएका हुन् । जनताको भावना र चाहनालाई कुनै पक्षबाट पनि सम्वोधन गर्ने प्रयास गरिएको थिएन् । यहि कारण नेपालको संवैधानिक विकासक्रम र परिवर्तन तिव्ररुपमा भएको देखिन्छ । संविधान निर्माणको क्रममा जनताकै प्रतिनिधिको उपस्थितीमा, सैको भावनालाई समेटेर सातौ संविधानको रुपमा नेपालको संविधान २०७२ कार्यान्वयनको अवस्थामा रहेको छ । नेपालको संविधान निर्माणको करिव १० औं वर्ष पार गदै गर्दा यसको कार्यान्वयनको गति सुस्त गतिमा भएको देखिन्छ भने यहि कारण जनताका अपेक्षा र आशा पुरा गर्न नसकि, कतै अन्य संविधान जस्तै हुने त होइन ? प्रश्न भने उब्जिएको देखिन्छ ।

संविधान त एउटा आधार मात्रै हो, विश्वका कतिपय देशमा संविधान नै नहुँदा पनि देशको विकास र जनताको जीवनस्तरमा उच्च दरले वृद्धि भएको उदाहरण हामी सामू रहेको छ । संविधानको नाममा कागजमा सुनौला अक्षरले लेखेता पनि यसको कार्यान्वयनको जिम्मा पाएका पक्षले आफूलाई समय अनुशार परिवर्तन गरी, व्यवहारमा परिवर्तन गर्न नसकेसम्म १०० वटा संविधान बनाएता पनि देश र जनताको दैनिकीमा सुधार गर्न सकिने देखिदैन् । त्यसैले संविधानको अक्षर हैन आफ्नो व्यवहार परिवर्तन गर्नेतर्फ पनि नेतृत्व वर्ग लाग्नु पर्ने देखिन्छ ।

*संविधान दिवस असोज ३ मनाउने भव्य तयारीमा राज्य लागेको देखिन्छ । विभिन्न सभा,सम्मेलन ,गोष्ठी,शुभकामना आदनप्रदान तथा रात्री भोजका कार्यक्रमको आयोजना हुने छन । घर घरमा दिपावली गरिने छ । राजनीतिक नेतृत्वहरुले संविधानको गुनगान व्यापक मात्रामा गाउने छन् । यसैका लागि राज्यको करोडौ रकम खर्च हुने छ तर यसको संरक्षरण र कार्यान्वयनमा भने नेतृत्व वर्गको कमै ध्यान गएको देखिन्छ । आगामी दिनमा यसो नहोस्,यसको सफल कार्यान्वयनमा सवै आ-आफ्नो स्थानबाट लाग्न जरुरी देखिन्छ । संविधानको सफलता ,यसको कार्यान्वियन पक्षमा निर्भर गर्दछ अनि मात्र यो दिवस मनाउनुमा सार्थकता हुने देखिन्छ । दश वर्षे जनयुद्ध,जनआन्दोलनको बलमा संविधान सभाबाट निर्माण भएको उत्कृष्ट संविधान हो नेपालको संविधान २०७२ यसलाई पनि असफल पार्ने छुट कुनै पनि पक्षलाई छैन् । कुनै स्वार्थ राखेर हैन यसको निष्पक्ष कार्यान्वयन गर्न सकियो भने मात्रै यो संविधान सफल भएको मानिने छ । जनताको संविधान मानिने छ । उत्कृष्ट संविधान बन्ने छ । संविधान र यसका प्रावधानलाई आफू अनुकुल व्याख्या र प्रयोग गर्ने प्रयास कुनै पक्षबाट पनि अब हुनु हुँदैन । कुनै स्वार्थ राखेर हैन यसको निष्पक्ष कार्यान्वयन गर्न सकियो भने मात्रै यो संविधान सफल भएको मानिने छ । जनताको संविधान मानिने छ । उत्कृष्ट संविधान बन्ने छ । संविधान र यसका प्रावधानलाई आफू अनुकुल व्याख्या र प्रयोग गर्ने प्रयास कुनै पक्षबाट पनि अब हुनु हुँदैन ।*

संविधानलाई राजनीतिक स्वार्थ पुरा गर्नका लागि प्रयोग गर्नु हुदैन् । यो परिवर्तनशिल भएकाले परिवर्तन नै गर्नु पर्ने धाराहरुलाइ परिवर्तन गर्न जरुरी देखिन्छ । देश बच्यो भने संविधान बच्ने र देशका मौलिक पक्षहरु बच्ने भएकाले यसमा भएका त्रुटी संच्याउन, आर्थिक तथा अन्य विविध पक्षमा देशलाई बलियो बनाउन राजनीतिक एकता कायम गरि परिवर्तन गर्नै पर्ने पक्षहरुमा परिवर्तन गर्नु जरुरी रहेको छ ।

संविधानलाई विश्वकै उत्कृष्ट बनाउने प्रयास गर्ने त्यस्तै प्रावधान राख्ने तर संविधानको कार्यान्वयन तथा नेतृत्व वर्गको प्रवृत्तिमा समय अनुकुल परिवर्तन नहुँदा यो संविधान पनि विगतको संविधान जस्तै हुने हो की ? जनताको दैनीकीमा खासै परिवर्तन नहुँने हो की ? संविधानका अक्षरहरु कागजमै सिमित हुने हुन की ? यस आशंकालाई समाधान गर्ने एउटै उत्तर यसको कार्यान्वयनमा तीव्रता दिनु र यसका लागि आवश्यक योजना तथा कार्यक्रमहरु तयार गर्नु हो । संघीयता र गणतन्त्र स्थापना गर्नु मात्रै यो संविधान निर्माणको उपलब्धी होईन, जनतालाई परिवर्तनको आभाष दिन सक्नु पनि हो यसका लागि उल्लेख गरिएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति,संवैधानिक अगहरुलाई विवाद र हस्तक्षेप रहित तरीकाले कार्यान्वयन जरुरी देखिन्छ ।

संविधान दिवस असोज ३ मनाउने भव्य तयारीमा राज्य लागेको देखिन्छ । विभिन्न सभा,सम्मेलन ,गोष्ठी,शुभकामना आदनप्रदान तथा रात्री भोजका कार्यक्रमको आयोजना हुने छन । घर घरमा दिपावली गरिने छ । राजनीतिक नेतृत्वहरुले संविधानको गुनगान व्यापक मात्रामा गाउने छन् । यसैका लागि राज्यको करोडौ रकम खर्च हुने छ तर यसको संरक्षरण र कार्यान्वयनमा भने नेतृत्व वर्गको कमै ध्यान गएको देखिन्छ । आगामी दिनमा यसो नहोस्,यसको सफल कार्यान्वयनमा सवै आ-आफ्नो स्थानबाट लाग्न जरुरी देखिन्छ । संविधानको सफलता, यसको कार्यान्वयन पक्षमा निर्भर गर्दछ अनि मात्र यो दिवस मनाउनुमा सार्थकता हुने देखिन्छ । दश वर्षे जनयुद्ध,जनआन्दोलनको बलमा संविधान सभाबाट निर्माण भएको उत्कृष्ट संविधान हो नेपालको संविधान २०७२ यसलाई पनि असफल पार्ने छुट कुनै पनि पक्षलाई छैन् । कुनै स्वार्थ राखेर हैन यसको निष्पक्ष कार्यान्वयन गर्न सकियो भने मात्रै यो संविधान सफल भएको मानिने छ । जनताको संविधान मानिने छ । उत्कृष्ट संविधान बन्ने छ । संविधान र यसका प्रावधानलाई आफू अनुकुल व्याख्या र प्रयोग गर्ने प्रयास कुनै पक्षबाट पनि अब हुनु हुँदैन । सानालाई ऐन ठूलालाई चैन भन्ने उखानले निरन्तरता अब पाउनु हुँदैन । संविधानको अक्षंरश पालना र कार्यान्वयनमा हाम्रो नेतृत्व वर्ग लागोस्, संविधानले तय गरेको बाटोमा हिड्ने प्रेरणा सबैलाई मिलोस् संविधान दिवस २०८१ को उपलक्ष्यमा सम्पूर्णमा शुभकामना !

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान तथा सम्मानमा दाग लाग्न सक्छ, काम गर्दा ध्यान लिनुहोला । | **तुला** : आज स्वास्थ्य भरपर्दो रहनेछैन । अरुले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** : विश्वास गरेकाले साथ र सहयोग गर्नेछन् । कामबाट लाभ मिल्नेछ । | **वृश्चिक** : नयाँ वस्त्र, अलङ्गारको प्राप्ति हुनेछ । प्रेम जीवन सुखमय हुनेछ । |
| **मिथुन** : नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ प्रेमीको सहयोग पाइनेछ । | **धनु** : आज शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : बन्धुबान्धवबाट सहयोग पनि मिल्नेछ । मनमा खुशी छाउँनेछ । | **मकर** : स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ । |
| **सिंह** : अधुरो काम पूरा हुनेछ । पुनर्मिलनको योग रहेको छ । | **कुम्भ** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ र रमाइलो यात्रा पनि हुनेछ । |
| **कन्या** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । सरकारी निकायको भय रहला । | **मीन** : समाजसेवामा मन लाग्नेछ । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |




नाटक

# एक त्यान्द्रो सागको चमत्कार



समय- मध्याह्न पात्रहरू- द्रौपदी, युधिष्ठिर, भीमसेन, महर्षि दुर्वासा, वासुदेव कृष्ण नेपथ्यमा जङ्गलको बीचमा ठूलो चौर देखिन्छ । चौरको एउटा छेउमा कलात्मक सानो कुटी छ । घरको छानो खरले छाइएको भए पनि गारो, भुई सबै काठका छन् । वन्यजन्तुबाट वचावटका लागि घरलाई काठको बारले घेरिएको छ । छेउछाउमा कतै ताल, तलैया छन् कतै स-साना नदी बगेका देखिन्छन् । आसपासमा देखिने वन बुट्यानले वातावरण स्वच्छ र सुन्दर हुन पुगेको छ । मञ्चमा महर्षि दुर्वासाको प्रवेश हुन्छ र ढोकातर्फ फर्केर बोलाउन लाग्छन् । दुर्वासा- कुन्तीपुत्र युधिष्ठिर ! कता छौ ? बाहिर आउन सक्छौ ? युधिष्ठिर- (कुटीबाट निस्केर हात जोर्दै) आज्ञा होस् ऋषिवर ! सेवक हाजिर छ, के सेवा गरौं ? दुर्वासा- खासै केही होइन । युवराज दुर्योधनको आग्रह अनुसार आजको भोजन तिमी कहाँ गर्नुपर्ने भएको छ । साथमा केही शिष्यहरू पनि छन् । मध्याह्न सन्ध्या गरेर आउँछौ । भोजन तयार पारेर राखनू । (यति भनेर दुर्वासा नदीतिर लाग्छन् । युधिष्ठिर ऋषिको आदेश द्रौपदीलाई सुनाउन भित्र जान्छन् । त्यतिबेला द्रौपदी भरखर खाना खाएर आराम गर्न लागेकी हुन्छिन् । युधिष्ठिरको कुरा सुनेर द्रौपदी धर्मसङ्कटमा पर्छिन् । किनकि त्यस दिन उनले भोजन गरिसकेकी थिइन् । उनको ताउलोको विशेषता नै त्यस्तै थियो । उनले खाना खाइसकेपछि त्यस दिन केही पाक्दैनथ्यो । यही थाहा पाएर नै उनीहरूलाई अफ्ठेरो परोस् भनेर त्यस्तै समय पारी दुर्योधनले दुर्वासालाई पठाएका थिए । जे भए पनि अब दुर्वासा निम्ति भोजन तयार पार्नुको विकल्प थिएन । अन्यथा ऋषि रिसाएर सर्वनाश गर्न सक्थे । त्यसैले उनी वासुदेव कृष्णलाई सम्झन लागिन) द्रौपदी- (आँखा चिम्लिएर मनमनै) धर्मसङ्कटमा परेँ द्वारकावासी वासुदेव कृष्ण ! चाँडै आएर बचाऊ । मेरा लागि तिमी बाहेक न जाने ठाउँ छ भन्ने ठाउँ नै । वासुदेव कृष्ण त्यतिबेला खान बसेका थिए । तत्कालै द्रौपदीको मनको पुकारा मनबाटै थाहा पाए र उचालेको गाँससमेत छाडेर दौडिए । वासुदेव कृष्ण- (आउनासाथ) भोकै छु द्रौपदी ! केही खान दिन्छ्यौ ? द्रौपदी- क्षमा पाऊँ वासुदेव ! आजका लागि त केही पनि छैन । वासुदेव कृष्ण- यो हुनै सक्दैन । मलाई नराखी खायौ भनेर कसरी पत्याऊँ । खोइ ताउलो ल्याऊ त । (द्रौपदी लाज मान्दै ताउलो देखाउँछिन् । भित्र कुनामा सागको त्यान्द्रो अड्केको देखिन्छ । वासुदेव कृष्ण त्यसलाई मुखमा राखी डकार्छन् । त्यत्तिकैमा संसारभरिकै प्राणी अघाएर डकार्न लाग्छन् । अचानक पेट फुलेर डकार आउन लागेपछि शिष्यसहित दुर्वासाले त्यतैबाट आश्रमतिर लाग्ने विचार गर्छन् । यो थाहा पाएर भीमसेन बोलाउन जान्छन)भीमसेन- ऋषिवर ! भोजन तयार छ । जाऊँ कुटीमा । वासुदेव कृष्ण प्रतीक्षा गर्दै हुनुहुन्छ । (वासुदेव कृष्णको कुरा सुन्नासाथ महर्षि दुर्वासालाई कुरा बुझ्न बेर लाग्दैन । उनी दुर्योधनलाई सत्यनाश होस् भन्ने श्राप दिएर आश्रमतिर हिँड्छन् । यसरी दुर्योधन अर्काको सत्यनाश गराउन खोज्दा आफ्नै सत्यनाश गराउन पुग्छन्) यत्तिकैमा पर्दा खस्छ । सबै आ-आफ्ना क्षेत्रमा लाग्छन् ।

*-रातोपाटी डटकम*


FEED THE FUTURE

The U.S. Government's Global Hunger & Food Security Initiative

## फिड द फ्युचर नेपाल युएसएआईडी एग्रीकल्चरल इनपुट्स

## अनुदान कोषको अवसरबारे सूचना (Notice of Funding Opportunity)

युएसएआईडीको आर्थिक सहयोगमा फिड द फ्युचर नेपाल युएसएआईडी एग्रीकल्चरल इनपुट्स नेपालमा संचालित फिड द फ्युचर नेपाल अन्तर्गतको पाँच बर्षीय कार्यक्रम हो । यस कार्यक्रमले कृषि सामग्री र प्रविधिको उपलब्धता, पहुँच र प्रयोगमा बृद्धि गरी नेपालको कृषि क्षेत्रको उत्पादकत्व र उत्पादनमा सुधार ल्याउन टेवा पुऱ्याउँदछ ।

युएसएआईडी एग्रीकल्चरल इनपुट्सले वार्षिक कार्यक्रम विवरण (अनुदान कोषको अवसरबारे सूचना) सार्वजानिक गर्दै अवधारणा पत्र (Concept Note) पेश गर्नको लागि योग्य तथा अनुभवी आवेदकहरूलाई आह्वान गर्दछ । वार्षिक कार्यक्रम विवरणबारे विस्तृत जानकारी तथा अन्य आवश्यक कागजातका लागि https://drive.google.com/drive/folders/1WxRAx5U4rHA8F8-QWBcN8Tw1FRGSgl85 मा हेर्न सकिनेछ । वार्षिक कार्यक्रम विवरण जारी गरेको मितिदेखि एक वर्षसम्म लागु हुनेछ । अवधारणा पत्रहरू समिक्षाको लागि असोज २९, २०८१ (October 15, 2024), पुष १६, २०८१ (December 31, 2024) सम्म पेश गर्न सक्नुहुनेछ । ईच्छुक आवेदकहरूले आफ्ना **अवधारणा पत्र, संस्थाको लेखापरिक्षण रिपोर्ट, संस्था धनि/बोर्ड अध्यक्षको नागरिकताको प्रतिलिपी र संस्था दर्ता तथा नविकरणको कागजातहरू** **Grants.Aginputs@winrock.org** मा ईमेल मार्फत पेश गर्न सकिनेछ ।

अवधारणा पत्रहरूलाई क्रमैसँग मूल्याङ्कन गरिने हुँदा आवेदकहरूलाई यथाशिघ्र आवेदन दिन प्रोत्साहन गर्दछौं ।

समुदायको समृद्ध बिविधतालाई स्वीकार गर्दै हामी सबै पृष्ठभूमि, अनुभव र दृष्टिकोणहरू भएका आवेदकहरूलाई अवधारणा पत्र पेश गर्नको लागि प्रोत्साहन गर्दछौं ।

कृषि क्षेत्रमा काम गर्ने नि जी क्षेत्रका संस्थाहरूलाई आवेदन दिन उच्च प्रोत्साहन गर्दछौं ।

www.feedthefuture.gov

USAID

अमेरिकी जनताबाट


कथा

डीबी राई

# मेहनतको फल

> *"परिश्रमको फललाई मात्र आफ्नो भाग्य मान्ने यस्ता मानिसहरूले गर्दा नै हामी जस्ता नेताहरूको भविष्य भोलिको दिनमा जोखिममा पर्दछ," मैले मनमनै भनें । यो हलाल मियालाई अलिकता पनि लोभ भएको भए आज पक्का पनि मेरो अघि चापलुसि गर्नेथियो । मेरो गुणगाण गर्नेथियो ।*

चुनाउ नजिकै आउँदैछ । आज मेरो मूड पनि केही राम्रो छ । सदा जस्तो व्यस्तताबाट अलिकता भागेको छु । मन प्रफुल्ल त्यसैत्यसै छ । सबैसित बोल्ने मूडमा छु । निकै दिनको दर्कने पानी बन्द भएर आज घाम लागी दिन उज्यालो भएको कारणले पनि हुनसक्छ, फेरि भएन, विपक्षी दलका केही बाहुबली नेताहरू हिजो मात्र म अघि आत्मसमर्पण गर्न पुगेको । यस्तै थुप्रै कारणले होला मेरो मन आज प्रफुल्ल छ । आज म मेरो कपडा छेक्न नजिकैको टेलर दोकानमा पुग्छु । ड्राइभरले "सर, गाडीमा जानु हुने ?" के भन्दै थियो, मैले तुरुन्त "पर्दैन" भनें । "दुई पाइला परको दोकानमा पुग्नु के को गाडी ?" मैले उसलाई जवाफ फर्काएँ । तर मेरो व्यक्तिगत सचिव जस्तो मसित जोडिएर हिंड्ने लालकुमार भने मेरो पछि लुरुलुरु आउँदै थियो । म टेलर दोकान पुग्नुअघि बाटोमा मैले थुप्रै मानिसहरूलाई भेट्नपुग्छु । यस पालिको चुनाउमा टिकट पाउने आशामा बसेको एक रिटार्यर्ड डाइरेक्टर बीबी लकान्द्रि मलाई देख्ने बित्तिकै टाउको-साउको रेलको सिग्नल जस्तो ९० डिग्रीबाट खन्द्रंग गरेर १८० डिग्रीमा तल झारी हत्त न पत्त शाश्वत दण्डवत् गर्नपुग्छ मलाई । म पनि उसलाई हात मिलाउन पुग्छु । "के छ हौ डाइरेक्टर साब ?" मैले उसको हालचाल सोध्छु । "सर, एकदमै ठीकठाक छ । तपाईं जस्तो नेताको नेतृत्वमा हामीलाई निको आनन्द छ । यस पालिको चुनाउमा त झन् मैले तपाईंको आशीर्वाद लिनु छ ।" - उसले एकै स्वरमा सिद्धै पठाउँछ । "हा.. हा.. लकान्द्रि सरको सटायर पनि गजबको छ ।" निकै ठूलो स्वरमा भनिपठाएछु । चारैतिर मानिसको भीड लागेछ । "सर" लालकुमारले उसको हात तेर्सो पारेर बाटोतर्फ मलाई अघि जाऔं भन्ने संकेत गर्छ । झसङ्ग हुन्छु । ए, म त टेलरको दोकानमा पो गएको त । कता यतातिर गफगाफमा भुलिंदै छु । अनि हतारसाथ टेलर दोकानतिर लम्किन्छु । टेलर दोकान पुग्न नपुग्दै, फेरि अर्को एक भलाद्मी जम्का भेट हुन्छ । ऊ यस इलाकाको निकै नाम चलेको एक जमीनको किनबेच गर्ने धनाढ्य व्यापारी हो । उसको रियल स्टेटको ठूलो कम्पनी पनि छ । साथै चुनाउमा हाम्रो पार्टीमा उसको निकै झुकाउ छ । मेरो अघि दुई हात जोडेर उसको टाउको मेरो छातीमा नै टँसाउन पुग्छ । मैले मेरो दुई हातले उसको टाउको अलिक पर ठेल्छु र भन्छु- "हौ, गजेन्द्र बाबु । के छ हौ हालचाल ।" "हजुर, सबै कुशल मगंल । तपाईंको सरकारमा हामी सबै खुशी छौं ।" "हा.. हा.. !" मैले ठूलो गर्जनसाथ हाँसोको फोहोरोफ्याँक्छु । "हजुर कता पाल्नु भो ?" उसले सोध्छ । मेरो जवाफ भन्दा अघि नै लालकुमारले यसको सफाइ दिन्छ । "हैन कि सर, सरले कपडा छेक्नुहुने अरे । अनि आफै आउनुभयो । यो प्रिन्स टेलरको गएको नि"- लालकुमारले हामी सामु अघि रहेको पुरानो टेलर दोकानलाई चोर औंलाले देखाउँछ । गजेन्द्र बाबु तीन छक्क पर्छ र भन्छ- "अरे ! हजुर किन यस्तो टेलर दोकानमा जानुभएको ? मलाई भनेको भए राजधानीको सबैभन्दा राम्रो दोकान रेमण्ड सुटिङमा नै यो सब हुने हो । लालकुमार तिमीलाई यो कुरा थाहा थिएन ?" उसले लालकुमारलाई हकार्छ । लालकुमार अक्क न बक्क हुन्छ । अनि मैले हत्त न पत्त यसको सफाइ दिन्छु । "छ्या । गजेन्द्र बाबु, छोड्दिनुहोस् । हामी भुँइमान्छेहरू हौं । जनतासित घुलमेल हुनुपर्छ नि त ।" "हा...हा...!" मेरो हाँसोसितै गजेन्द्रको हाँसो पनि जोडिन्छ । त्यतिञ्जेलसम्म हामी हलाल मियाको टेलर दोकानभित्र पुगिसक्छौं । मसित यो शहरमा नै नामी पैसावाल व्यापारी गजेन्द्र बाबु र लालकुमार मसित छ । म ठिङ्ग उभिन्छु । हलाल मियाको दोकानभित्र । उसको पुरानो सिलाउने मेसिन एउटा, अनि एउटा सायद भर्खरै ल्याएको केही आधुनिक सिलाउने मेशिन देख्छु । गजेन्द्रले मलाई रुँगेको देखेर मलाई निकै अस्पट लाग्छ । त्यसैले गर्दा मैले उसलाई "तपाईं जानुहोस्, गजेन्द्रबाबु" भन्दै बिदाबारी दिन्छु । शायद यही ताकमा थियो कि मेरो आदेशको साथसाथ ऊ पनि लुसुलुसु अघि बढ्छ । अब दोकानमा म र लालकुमार मात्र हुन्छौं । दोकानसितै हलाल मियाको भित्र कोठामा बस्ने कोठा पनि रहेछ । ऊ भित्र कोठामा के गर्दैथियो मलाई थाहा भएन । तर मैले हतारसाथ हलाल मियालाई बोलाइपठाउँछु । "चाचाजी किधर है ?" उसको सटिएको कोठा भित्रबाट नै हलाल मियाले "एकछिन" भनिपठाउँछ । मेरो आज मूड त्यसो त एकदमै प्रफुल्ल छ । उभिएर नै पर्खें । लालकुमारले "सर, यहाँ बस्नु नि" भन्दैथियो । तर म छेउको चौकीमा पनि बसिनँ । केवल हलाल मियाको टेलर दोकानको वातावरणलाई मनमनै नियाल्दै थिएँ । मेरो आवाजले हलाल मियालाई अलिकता पनि प्रभाव शायद पारेन । यस शहरको यति चर्चित अनि लोकप्रिय मानिस उसको दोकानअघि आउँदा पनि हलाल मिया टस न मस देख्दा मलाई केही विचलित त भयो । तर मेरो प्रफुल्ल मनले मलाई जित्यो । "चाचाजी !" मैले फेरि बोलाइपठाएँ । "हँ... आउँदैछु ।"- हलाल मियाको जवाफ आउँछ । उसमा कुनै उत्सुकता छैन, जिज्ञासा छैन । ऊ अहिले ठिङ्ग दोकानको दैलोमा उभिइसकेको छ । "भन्नुहोस् ।" एक सामान्य ग्राहकलाई जस्तै उसले मलाई पनि सोध्छ । उसको अनुहारमा मलाई देखे पछिको केही परिवर्तन आएको छ कि भनेर उसलाई नियाल्छु । अहँ । केही परिवर्तन देख्दिनँ । अरे ! म अचम्मित हुन्छु । यस शहरको सबभैन्दा ठूलो व्यापारी मेरो अघि नतमस्तक हुन्छ । यस शहरको एक रिटार्यर्ड नोकरशाह मलाई देख्नै बित्तिकै मेरो अघि झुक्छ । तर यो जाबो एक गरीब टेलरको अनुहारमा किन केही परिवर्तन देखिदनँ । म आफैलाई मनमनै भन्छु । तर पनि उसलाई तर्साउन र चिनाउन म ठूलो स्वरमा भन्छु । "चाचाजी ! केही असुविधा त छैन नि, हैन ? केही भयो भने हामीलाई भन्नू ।" "... ना, केही छैन ।" अरे.. म छक्कै पर्छु । यस्तो लाग्यो । म उसको अघि एक मुसा भन्दा पनि सानो चीज हुँ । मैले दिएको अफर त उसको लागि एकदमै तुच्छ छ । उसको अनुहार मसित जुझेको छैन । उसले अफ्नो इन्चि टेप लिन्छ र हतारसाथ मेरो शरीर नाप्न थाल्छ । एक सामान्य ग्राहकलाई जस्तो । अनि त्यसरी नै खाताको पन्नामा उसले मेरो नाप लेख्छ । मेरो अघि सम्मको पूरा भरेको दम्भको हावा एकाएक फूसूसू.. जान्छ । एउटा पन्चर ट्युब जस्तो । तर फेरि पनि मेरो दम्भलाई फुलाउने कोशिश गर्छु । "चाचाजी ! कति पैसा ?" अब त यो चाचाजी लाइनमा आउँछ, पैसाभन्दा । मैले मनमनै भन्छु । "दुई सय ।" अरे, रेमण्ड सुटिङमा मेरो सर्ट सिलाउँदा दश हजार परेको । किन यति कम्ती । तर केही भन्दिनँ । २०० को नोट नदिएर जानीजानी उसलाई मैले ५०० को कटकटी ताजा नोट हातमा थमाउँछु ताकि यो नोट देख्ने बित्तिकै उसको आँखा धप्धपी बलोस् अनि मैलाई मुस्कुराउँदै भनोस्, "सर, धन्यवाद ।" उसले यो नोट पक्डिन्छ अनि हतारसाथ अर्को सुत्ने कोठामा पसी मलाई फेरि ३०० सय फर्काउँछ । कति बेला उसले ३०० रुपियाँ मेरो हातमा थमाइदिएछ मलाई थाहै भएन । म अरकच्च परेछु । मैले केही भन्नुअघि उसले मेरो कपडा अघि थन्काएर पर्सि आउने तारिख पनि दियो । एक सामान्य ग्राहक जस्तै म पनि त्यस पुरानो सानो टेलर दोकानबाट बाहिर निस्किएँ । आज दिनभरिको प्रफुल्ल मूड अहिले भने मूडअफ् भएर गयो । यो बूढो टेलर जसको महीनामा तीनचार हजारको आम्दानी मात्र होला, यसले मेरो महत्त्व नबुझेको या मलाई अण्डरस्टिमेट गरेको, मैले केही बुझिनँ । मैले त सोचेको थिएँ, बाटोमा भेट्ने त्यो रिटार्यड डाइरेक्टर जस्तो भलाद्मीले, गेजन्द्र गुरुङ जस्तो नामी धनाढ्य व्यापारी जस्तोले मेरो अघि शाश्वत दण्डवत् गर्छ भन्ने । तर फुटेको कौडी यो हलाल मियालाई के अलिकता पनि चासो भएन म जस्तो यस शहरको चल्तिफिर्ती नेताप्रति । न त उसले बात गर्ने चेष्टा गरह्यो, न त मसित चाप्लुसी नै । मलाई थाहा छ, यो हलाल मिया बिहारको कुनै गाउँबाट तीस-चालीस वर्ष अघि नै यहाँ आएको हो । अहिले पनि यो भाडाको यो कोठामै यसले जीवन धानिरहेको छ । तर के यसलाई रत्तीभर पनि चासो छैन कि उसको शहरको एक नामी नेता उसको दोकानमा आएको छ अनि उसको खातिरदारी गर्ने ? हलाल मियालाई अलिकता पनि लोभ भएन, उसको कपडा सिलाउने रेट भन्दा पनि दोबर मैले पैसा दिंदा त्यो डल्लै पैसा आफूसित राख्ने । "परिश्रमको फललाई मात्र आफ्नो भाग्य मान्ने यस्ता मानिसहरूले गर्दा नै हामी जस्ता नेताहरूको भविष्य भोलिको दिनमा जोखिममा पर्दछ," मैले मनमनै भनें । यो हलाल मियालाई अलिकता पनि लोभ भएको भए आज पक्का पनि मेरो अघि चापलुसि गर्नेथियो । मेरो गुणगाण गर्नेथियो । तर यो सोझो हलाल मियाले आफूले दिनभरि सिलाएबापत पाउने मजदूरी नै उसको भाग्य सम्झेपछि जाबो म जस्तो नेताको मोल उसको अघि के पो हुन्छ र ! दिनभरि भोकै भारी बोकेर लखतरान भई घरको दैलोमा नै लमतन्न भएर भारी बिसाएको जस्तो शरीर हुन्छ मेरो । खल्खलि पसिना शरीरभरी नै हुन्छ ।

*-साहित्यपोस्ट डटकम*

# गणेशमान सिंहको स्मृति दिवस मनाइयो



**पाल्पा,** असोज २/२०४६ को जनआन्दोलनका सर्वोच्च कमाण्डर एवम् नेपाली कांग्रेसका संस्थापक नेता गणेशमान सिंहको २७ औं स्मृति दिवस मनाइएको छ । दिवसको अवसरमा बुधबार देशैभर नेपाली काँग्रेसले सिंहको सम्झना गर्दै स्मृति दिवस मनाएको हो ।

दिवसमा दिन काँग्रेसले पाल्पा सहित देशैभरका पार्टी कार्यालयहरुमा सिंहको तस्विरमा माल्यार्पण गरे । स्व. सिंह प्रजातन्त्र पुन:स्थापनाका लागि भएको २०४६ सालको जनआन्दोलनका सर्वोच्च कमाण्डर हुन् । नेपाली राजनीतिमा त्याग र साहसको उच्च उदाहरणका रुपमा रहेका सिंह सबैको निष्ठाको केन्द्र बन्न सफल भएका थिए । विसं २०४६ को जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गरे आग्रहमा उनले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गरेका थिए । विसं १९७२ कात्तिक २४ गते काठमाडौँको क्षेत्रपाटीस्थित चाक्सीबारीमा जन्मिएका नेता सिंहको निधन विसं २०५४ असोज २ गते भएको थियो । काठमाडौँको खानदानी परिवारमा जन्मिएका सिंहले १९९७ सालमा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद्को सदस्य भई राणा शासन हटाउने अभियानमा आफूलाई सक्रिय बनाएका थिए । राणा शासन अन्त्य गर्ने अभियानमा लागेपछि उनी लगायतलाई तत्कालीन सरकारले जेल हालेको थियो । विसं २००७ अघि भद्रगोल जेल फोरेर भाग्न सफल भएका जोशिला गणेशमान प्रवास जानुअघि तत्कालीन 'राणा हटाऊ' आन्दोलनमा सक्रिय थिए । उनले जेलबाट भागेर भारतमा पुगी नेता बिपी कोइरालासँग राजनीतिक सम्बन्ध विकसित गरेका थिए । केही सहयोगीका साथ २००३ सालमा स्थापित नेपाली राष्ट्रिय कांग्रेसलाई आजीवन नेतृत्व दिन पनि गणेशमानको उल्लेखनीय भूमिका छ । प्रजातन्त्र स्थापनाका लागि भएको २००७ सालको क्रान्तिका एक अगुवाका रुपमा उनले वीरगञ्ज मोर्चामा सशस्त्र सैर्ष गरे । देशमा प्रजातन्त्र बहाली र पुन:बहालीका लागि समर्पित सिंह सैद्धान्तिक हिसाबले बिपीका अनुयायी र सबैभन्दा ठूला समर्थकका रुपमा सिहं रहे । नेपाली कांग्रेसलाई लोकप्रिय बनाउन उनी सदा क्रियाशील रहे । विसं २०१५ मा पहिलो निर्वाचन भएपछि बनेको सरकारमा वरिष्ठ मन्त्री भएका गणेशमानले २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि आठ वर्ष निरन्तर पहिले सिंहदरबार र त्यसपछि सुन्दरीजल बन्दीगृहमा कारावास जीवन बिताएका थिए । उनले विसं २०२५ मा बिपीसँगै सुन्दरीजल बन्दी गृहबाट रिहा भएपछि प्रवासमा राजनीतिक सङ्गठन विस्तार गरे ।

विसं २०३३ मा बिपीसँगै राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केर तत्कालीन पञ्चायती व्यवस्थाका विरुद्ध सक्रिय रहे । तत्कालीन पञ्चायती सरकारले बिपीसँगै मृत्युदण्डको माग गरिएका आठवटा मुद्दामा उनले विशेष अदालतबाट सफाइ पाए । गणेशमानले २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत सङग्रहमा उत्तिकै नेतृत्वदायी भूमिका निर्वाह गरे । बिपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताका रुपमा गणेशमानले २०४२ सालको सत्याग्रह आन्दोलनको नेतृत्व गरे । विसं १९९७ देखि अनवरत राजनीतिमा समर्पित कडा स्वभाव र जुझारू व्यक्तित्वका सर्वप्रिय नेता गणेशमानको महत्वपूर्ण योगदान २०४६ सालमा रह्यो ।


## आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को साधारण सभा सम्बन्धी सूचना

आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को यहि मिति २०८१ अश्विन ५ गते शनिबारका दिन १४ औं वार्षिक साधारण सभा हुन गईरहेको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कदमकदाचित निमन्त्रणा कार्ड प्राप्त नभएको भए यस सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति :-** २०८१ आश्विन ५ गते शनिबार ।
**समय :-** बिहान ११:३० बजे (कृपया ठिक समयमा पाल्नुहोला)
**स्थान :-** माधव प्रसाद देवकोटा सभाकक्ष, त्रिभुवन बहुमुखी क्याम्पस लहरेपिपल, तानसेन, पाल्पा ।

अनुरोध
सर्जुलाल बज्राचार्य
अध्यक्ष
**आनन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-६, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२१५५३**



## संविधान दिवस भब्य रुपमा मनाऔं

- नेपालको संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संविधान दिवसको महत्व बढाऔं ।
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय भण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### महिला टी-२० विश्वकपको पुरस्कार बढ्यो



**काठमाण्डौं,** असोज २/अर्को महिनामा यूएईमा हुने महिला टी-२० विश्वकपको विजेताले पाउने पुरस्कार राशि बढेको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) का अनुसार यस पटकको विश्वकप विजेताले २३ लाख ४० हजार अमेरिकी डलर प्राप्त गर्नेछ ।

सन् २०२३ मा दक्षिण अफ्रिकामा भएको विश्वकप च्याम्पियन अस्ट्रेलियाले जितेको रकमको तुलनामा १ सय ३४ प्रतिशतले बढी हो । अस्ट्रेलियाले विश्वकप जित्दा १० लाख अमेरिकी डलर पाएको थियो । महिला र पुरुष विश्वकपमा समान पुरस्कार प्रदान गर्ने पहलमा यो कदम चालिएको आईसीसीले जनाएको छ । आईसीसीले २०२४ को पुरुष टी-२० विश्वकपको विजेता भारतलाई २४ लाख ५० हजार अमेरिकी डलर प्रदान गरेको थियो । पुरुष टी-२० विश्वकपमा २० राष्ट्र सहभागी हुँदा महिला टी-२० विश्वकपमा १० राष्ट्रको मात्र सहभागिता रहनेछ । २०२४ को महिला विश्वकपको उपविजेताले ११ लाख ७० हजार अमेरिकी डलर पाउनेछ । गएको वर्ष उपविजेता दक्षिण अफ्रिकाले ५ लाख अमेरिकी डलर पाएको थियो । २०२४ मा सेमिफाइनलमा पराजित दुई टोलीले ६ लाख ७५ हजार अमेरिकी डलर पाउनेछन् । जुन अघिल्लो संस्करणमा २ लाख १० हजार अमेरिकी डलर थियो ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# चाडपर्वमा ६१ स्थानमा सहुलियत पसल



**पाल्पा,** असोज २/देशभरका ६१ स्थानमा सहुलियत पसल सञ्चालन हुने भएका छन् । सरकारले चाडपर्वको समयमा बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन सहुलियत पसल सञ्चालन गर्न लागेको हो ।

यही ७ गतेदेखि देशैभर सहुलियत मूल्य पसल एकै पटक सञ्चालन हुने छन् । उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालय मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेसन र कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालन गरिने भएको हो । यी पसलहरूबाट सबै प्रकारका चामल, चिनी, चिउरा, दाल तथा गेडागुडी, तेल घ्यू, कर्णालीको रैथाने उत्पादन विशेष छुटमा बिक्री गरिने जनाइएको छ । उक्त खाद्यान्नहरूमा प्रतिकिलो पाँचदेखि १० रुपैयाँसम्म छुटको व्यवस्था रहने छ । गत वर्ष खाद्य कम्पनीबाट वितरण हुने सबै किसिमका चामल, दाल, गहुँ आँटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर, भटमासको तेल, चिउरा प्रतिकेजी/प्रतिलिटरमा ७ रुपैयाँ छुट दिइएको थियो । जसमध्ये स्टिम जिरा मसिनो, बासमती, आरुवा सोना, आरुवा मोटा, कालानुनीया, ब्राउन, साँवा स्टिम आरुवा रञ्जित, फोर्टीफाइड, लङ्गेन यी सबै प्रकारका चामलमा प्रतिकिलो ५ रुपैयाँ छुट हुनेछ । यस्तै जिउँदो खसीबोका र च्याङ्ग्रामा प्रतिकिलो १० रुपैयाँ छुट दिइने भएको छ । यो वर्षको चाडपर्वका लागि कम्पनीले १ हजार ५०० खसीबोका र ३०० च्याङ्ग्रा ल्याउने तयारी गरेको छ । घटस्थापनाको अघिल्लो दिनसम्म खसीबोका तथा च्याङ्ग्रा ल्याइसक्ने कम्पनीले जनाएको छ ।

# रामपुरका...

...उनले रामपुर नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिका भित्र सञ्चालन गर्ने योजना उपभोक्ता समितिको खाता सञ्चालनमा एक रुपता ल्याउन नगरपालिका भित्रका सबै बैंकहरुलाई आग्रह गरे । नगरबासीको सुविधाका लागि प्रत्येक वडा कार्यालयमा गएर खाता खोल्ने र सामाजिक सुरक्षा भत्ता पनि वडा र टोलबाट वितरण गर्ने नगरपालिकाको योजना रहेकाले यसका लागि सहयोग गर्नु पर्ने नगर प्रमुखले जोड दिए । साथै अन्य सेवा भन्दा वृद्ध वृद्धा र फरक क्षमताका व्यक्तिहरुलाई प्राथमिकता दिएर सेवा प्रवाह गरी बैंकमार्फत दिने सेवालाई प्रभावकारी र सहज बनाउन आवश्यक रहेको उनले उल्लेख गरे ।

नगर प्रमुख थापाले नगरपालिकामा दर्ता भएर सञ्चालनमा आएका व्यवसायलाई सहज रुपमा लगानी गर्नु पर्ने भन्दै नगरपालिकाले सञ्चालन गरेको व्याज अनुदान कार्यक्रमलाई पनि सहजिकरण गर्नुपर्नेमा जोड दिए । उपप्रमुख बाल कुमारी थापाले नगरबासीको सुविधा र आर्थिक समृद्धिका लागि सहज र सरल तरिकाले लगानी गर्न आग्रह गरिन् । छलफल कार्यक्रममा बोल्दै कृषि विकास बैंक रामपुर शाखाका प्रमुख केशवराज डोटेलले जनताको सेवाका लागि नगरपालिकाले अनुरोध गरेको जिम्मेवारी पुरा गर्ने बताए । जनता बैंक रामपुर शाखाका प्रबन्धक कृष्ण प्रसाद भट्टराईले उपभोक्ता समितिको खाता खोल्न हरेक वडामा गएर खोले पनि कारोबार सकिएपछि खाता बन्द नगर्ने समस्या रहेकाले यसको सहजिकरण गरिदिन नगरपालिकासँग आग्रह गरे । यस्तै लक्ष्मी सनराईज बैंक रामपुर शाखाका प्रमुख अमृत खड्काले सुरक्षा र अन्य आवश्यक व्यवस्थापन गरे वडा र टोलबाट सेवा प्रवाह गर्न सक्ने बताए । छलफल कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका नगर प्रवक्ता एवं वडा नं.१ का अध्यक्ष कपिलबहादुर खाँणले बैंकले दिने हरेक वित्तीय सेवालाई सहज र सरल बनाउनुपर्नेमा जोड दिए । साथै बैंक र नगरपालिका दुवै जनताको सेवाका लागि भएकाले सेवा प्रवाह तथा कार्यक्रम सञ्चालन गर्दा समन्वय र सहकार्य गर्न आवश्यक रहेका उनले उल्लेख गरे । बैंकका शाखा प्रमुख र रामपुर नगरपालिकाबिच भएको छलफलले योजना उपभोक्ता समितिको खाता खोल्ने बैंकको बाँडफाँड समेत गरेको छ । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता, योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई